# निर्धन उत्थान लघुवित्तद्धारा विभिन्न ठाउँमा व्यवसायिक उद्यमशिलता तालिम सम्पन्न




एभरेष्ट दैनिक । निर्धन उत्थान लघुवित्तले पौष ६ गतेदेखि ८ गतेसम्म नवलपरासी जिल्लाको गोपिगंञ्जमा "उद्यमशीलता विकास तालिम" सम्पन्न गरेको छ । उक्त तालिममा दाउन्नेदेवी शाखाका २० जना ग्राहक सदस्यहरुको सहभागितामा उद्यमशीलता विकास तालिम सम्पन्न गरेको हो ।

यस तालिममा प्रशिक्षकहरुमा संस्थाको काठमाण्डौं नक्साल स्थित केन्द्रीय कार्यालयका वरिष्ठ ब्यवस्थापक पवन कुमार श्रेष्ठ, भैरहवा कार्यालयका कार्यक्रम अधिकृत राधेश्याम साहनी, भैरहवा क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत पूर्ण बहादुर खड्का रहेका थिए ।

तालिममा सहभागीहरुले आयआर्जन, स्वरोजगार र ब्यवसाय बीच भिन्नता, आत्म विश्लेषण, सफल उद्यमीका विशेषताहरु, बाख्रापालन तथा भैंसीपालन सम्बन्धी भिडियो, वित्तीय साक्षरता सम्बन्धी भिडियो, ब्यवसाय छनौट, प्रारम्भिक छनौट प्रक्रिया, वृहद छनौट, सुक्ष्म छनौट प्रक्रिया, सफल उद्यमीको अनुभव, नमूना स्किमहरुका बारेमा जानकारी पाएका थिए ।